स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक




सुगम पोखरेल र समीक्षा अधिकारीको स्वर रहेको गीत 'माया बस्यो' सार्वजनिक भएको छ । सरगम घतानको शब्द रहेको गीतमा योगेश काजी शाहको सङ्गीत तथा एरेन्ज छ । भिडियोमा केकी अधिकारी र राघव दाहालको अभिनय देख्न सकिन्छ । भिडियोको निर्देशन मोडल कथा कलाकार नीराजन प्रधानले गरेका हुन् । अर्जुन तिवारीको डिओपी रहेको भिडियो सम्पादन प्रवीन श्रेष्ठले गरेको हुन् ।

**आजको विचार...**



परिवर्तनको... (दुई पेजमा)

पदमराज न्यौपाने



कुनै पनि कलाकारको करिअर दुईटा कुरामा निर्भर हुन्छ । या त फिल्म लगातार सफल हुनुपर्‍यो या अभिनयमा अब्बल हुनुपर्‍यो । यी दुवै चिज नभए करिअरमा अगाडि बढ्न चुनौती हुन्छ । हुन त अभिनयमा अब्बल हुँदाहुँदै पनि फिल्मको असफलताका कारण करिअरलाई नै विट मार्न बाध्य भएका धेरै कलाकार छन् । यसअर्थ फिल्मको सफलता कलाकारका लागि सबैभन्दा महत्त्वपूर्ण छ ।

❒ वर्ष ३० ❒अंक ३४० ❒ २०८२ असार २१ गते शनिबार 5 July 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा १५ जनाको मृत्यु

(रासस/एएफपी)

**गाजा सिटी, असार २०/**गाजाको नागरिक सुरक्षा एजेन्सीले शुक्रबार प्यालेस्टिनी क्षेत्रमा लगभग २१ महिनाको युद्धपछि इजरायली हमलामा कम्तीमा १५ जनाको मृत्यु भएको बताएको छ ।

इजरायलले हालै गाजा पट्टीमा आफ्नो सैन्य कारबाही विस्तार गरेको छ । त्यहाँ युद्धले यस क्षेत्रको २० लाखभन्दा बढी जनसंख्याका लागि गम्भीर मानवीय अवस्था सिर्जना गरेको छ । दक्षिणी गाजा सहर खान युनिस नजिकै विस्थापित मानिसहरूको शिविरमा भएको इजरायली हवाई आक्रमणमा एक बालकसहित सात जनाको मृत्यु भएको गाजाका नागरिक सुरक्षा अधिकारी मोहम्मद अल-मुघायरले बताए । उनले खान युनिसको तटमा रहेको पाल शिविरहरूमा दुई अन्य आक्रमणमा थप आठ जनाको मृत्यु भएको बताए ।

उक्त आक्रमणमा शुक्रबार बिहान दुई बालबालिकाको मृत्यु भएको थियो । प्यालेस्टिनी लडाकू समूह हमासले बिहीबार मध्यस्थकर्ताहरूबाट युद्धविरामका लागि नयाँ प्रस्तावहरूबारे छलफल गरिरहेको बताए पनि इजरायली नेताहरू हमासलाई दमन गर्ने आफ्नो लक्ष्यमा अडिग छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायलले हमाससँग ६० दिनको युद्धविराममा सहमति जनाएको भन्दै गाजामा बाँकी रहेका बन्धकहरूलाई रिहा गर्नसक्ने बताएका थिए ।

# पाल्पाका फाँटमा देखिनै छोडे बकुल्ला

*बकुल्लाले पानीभित्र माछा तथा चिस्यानमा बस्ने भ्यागुता, गंगटा, साना -साना सर्पहरुको शिकार गर्ने गर्छन् । हिजो आज खोला र सिमसारहरु नै मासिँदै जाँदा तिनीहरु पनि हराउँदै गएको छ ।*

**रामचन्द्र रायमाझी/-रासस**


**तानसेन (पाल्पा), असार २०/** एक दशक अघि सम्म बर्खा लागेपछि पाल्पाका फाँट र सिमसारहरुमा देखिने बकुल्ला हिजो आज भने देखिन छोडेका छन् । यहाँका माडीफाँट, अर्गली, रामपुर पूर्वखोला जस्ता फाँट र स-साना खोलाका किनारामा देखिने हाँसप्रजातिका सेतो बकुल्लाहरु आहारको अभावमा यति बेला देख्न पाइँदैन ।



खोला तथा सिमसार क्षेत्रका खेतमा पाइने माछालाई प्रमुख आहारा बनाउँदै आएका बकुल्लाहरु सिमसार मासिदै गएपछि देखिन छाडेका स्थानीयहरु बताउँछन् । अव्यवस्थित बसोबास, अतिक्रमण, विकास निर्माण, जलवायु परिवर्तनको असरलगायत कारण सिमसार क्षेत्रहरू मासिँदै गएका छन् । जसको असर बकुल्लाहरुमा देखिएको हो । केही वर्ष पहिले माडीफाँटमा बेलुकीको समयमा आफ्नो आहारा खोजेर टाढा टाढाबाट बासमा फर्किदा हुलै सित लाइनबद्ध भएर आउँदाको दृश्यले मालचराको झल्को नै दिन्थ्यो । तर पछिल्लो समय तिनीहरु एकाएक कहाँ गए कसैलाई पत्तो छैन । बर, पिपल, स्वामी, सिमल जस्ता अग्ला अग्ला रुखहरुमा सेताम्ये देखिने बकुल्लाहरु एकाएक हराउँदै गएको दमकडाका प्रकाश नेपाल बताउन्छन् ।

उनी भन्छन् "जब-जब फाँटहरुमा धान रोप्ने समय हुन्छ तब बकुल्लाहरु खेतका छेउछाउँमा सेताम्मै देखिन्थे, तिनीहरु धान नकाट्दासम्म खेतमै देखिन्थे तर हिजो आज भने देख्नै छैन ।" बकुल्लाले पानीभित्र माछा तथा चिस्यानमा बस्ने भ्यागुता, गंगटा, साना -साना सर्पहरुको शिकार गर्ने गर्छन् । हिजो आज खोला र सिमसारहरु नै मासिदै जाँदा तिनीहरु पनि हराउँदै गएको नेपालको भनाई छ । "पहिले-पहिले यहाँका सिमलका रुखहरु कुनै खाली नै हुँदैन थिए । सबैमा सेताम्य भएर बास बसेको देखिन्थ्यो । यी एकाएक हराएको धेरै भएको छैन "उनले भने "अन्न बालीमा विषादीको प्रयोगका कारण माछा पाउनै कठिन भयो र आहारामा कमी आएकोले एक/एक गरी संख्यामा कमी आउँदै गएको हो ।" ७/८ वर्ष अघिसम्म अर्गलीका फाँटहरुमा पनि बकुल्लाहरु प्रसस्त देखिन्थे । तर हिजो आज भने एक/ दुई वटा बाहेक देख्न पाइँदैन । धान रोपाइँ सकेपछि हरेक खेतका आलीहरुमा सयौंको संख्यामा देखिने बकुल्लाहरु आजभोली देख्न छोडिएको स्थानीय देवीप्रसाद भट्टराईले बताए । उनले भने " असार, साउनको महिनामा खेतभरी बकुल्लाहरु देखिन्थे, जसले गर्दा फाँट नै रमणीय हुन्थ्यो, हिजो आज भने छिट्टफुट्ट रुपमा एक/दुई वटा मात्र देखिन्छन् ।" ***बाँकी अन्तिम पेजमा...***

# नेपालमा कोरोना बढ्दै



**पाल्पा, असार २०/**पछिल्लो समय नेपालमा कोभिड-१९ को संक्रमण बढ्दै गएको छ । देशका विभिन्न जिल्लामा कोरोना संक्रमितहरु देखिन थालेका छन् ।

हालसम्म ३१ जिल्लामा कोराना संक्रमण देखिएको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)ले जनाएको छ । महाशाखाका अनुसार अहिलेसम्म दुई सय ४९ जनामा कोरोना संक्रमण देखा परेको छ । पछिल्लो एक हप्तामा ३५ जनामा कोरोना संक्रमण देखिएको छ । पछिल्लो २४ घण्टामा तीन जनामा कोरोना संक्रमण पुष्टि भएको छ । कोभिड-१९ बाट एक जनाको मृत्युसमेत भइसकेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै देशभर १७ सीमा नाकामा रहेका हेल्थ डेस्कमा कोभिड-१९ को निगरानीलाई थप प्रभावकारी बनाइएको जनाएको छ । सबै सीमा नाकाका हेल्थ डेस्कमा कोभिड-१९ आरडिटी विधिबाट परीक्षण भइरहेको छ । कोभिड-१९ प्रभावित क्षेत्रबाट आएका र कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण भए 'सेल्फ क्वारिन्टाइन/आइसोलेसन'मा मन्त्रालयले सबैमा अनुरोध समेत गरेको छ ।

# विद्युत समस्या समाधान गर्न रामपुरमा छलफल

**पाल्पा, असार २०/**विद्युत सेवामा देखिएको समस्या समाधान गर्ने विषयमा जिल्लाको रामपुरमा छलफल भएको छ ।



रामपुर नगरपालिकाको आयोजनामा विद्युत महसुल, भोल्टेजस्तर, प्रशारण लाईन लगायतका विषयमा देखिएका समस्या समाधानका विषयमा सरोकारवालाबिच छलफल भएको हो ।

रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले विपिसीले विद्युत महशुल वृद्धि गरे पनि नगरपालिका भित्र पछिल्लो समय विद्युत सेवा प्रवाहमा समस्या देखिएकाले समाधानका लागि छलफल कार्यक्रम गरिएको बताए । विपिसीको विद्युत सेवाको गुणस्तरका विषयमा जनताले गुनासो गर्दै आएको भन्दै विपिसीलाई सेवाको गुणस्तरमा सुधार गर्न उनले आग्रह गरे । विद्युत लाईन अनियमित हुँदा उद्योगी व्यवसायीहरु मात्र नभई यहाँका खानेपानी तथा अन्य योजनाहरु पनि प्रभावित बनेको उनले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## अन्तर्राष्ट्रिय सहकारी दिवस र सार्थकता

**अन्तर्राष्ट्रिय सहकारी दिवस आज नेपालसहित विश्वभर विभिन्न्न कार्यक्रम गरी मनाइँदै छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले सन् १९२३ देखि नियमितरूपमा यो दिवस मनाउँदै आएको हो । आर्थिक–सामाजिक क्षेत्रमा सहकारीले पुऱ्याएको योगदानलाई दृष्टिगत गरी संयुक्त राष्ट्रसंघले १९९२ डिसेम्बर १६ को ८९ औँ पूर्ण बैठकबाट अन्तर्राष्ट्रिय सहकारी महासंघ स्थापना भएको सय वर्ष पूरा भएको अवसर पारेर सन् १९९५ देखि यो दिवस मनाउने निर्णय गरेको हो । सहकारी व्यवसायका माध्यमबाट गरिबी निवारण, रोजगारीको सिर्जना र सामाजिक एकताका लागि बहुमूल्य योगदान गरेको तथ्यलाई स्वीकार गर्दै यो दिवस मनाउने गरिएको छ ।**

**नेपालमा अनौपचािरिक रुपमा प्राचीनकालदेखि नै नेपालमा गुठी, धर्मभकारी आदि नामबाट सहकार्यको शुरुवात भएको पाइन्छ तर औपचारिक रुपमा सहकारीको शुरुवात भने २०१३ सालमा भएको हो । २०१० सालमा योजना विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभाग स्थापना भयो । सहकारी विभाग स्थापना भएपछि सहकारी खुल्न थालेको हो । २०१३ सालमा चितवनमा स्थापना भएको बखान ऋण समिति नै मुलुकको पहिलो मानिन्छ । तर पछि नेपालमा धेरै सहकारीहरु स्थापना भएका छन् । मुलुक संघीय संरचना गएपछि ती सहकारीलाई व्यवस्थित गर्ने अधिकार सम्बन्धित स्थानीय तहलाई नै दिइएको छ । सहकारी संस्थाको सञ्चालन स्थानीय तहको कार्यक्षेत्रभित्र रहेको वर्तमान अवस्थामा बढ्दो संख्याको सहकारी संस्थालाई व्यवस्थित सञ्चालनका लागि सहकारी ऐनलाई परिमार्जन गरी समयानुकूल बनाउनुपर्ने देखिन्छ । सहकारी क्षेत्रमा देशको ठूलो अर्थतन्त्रको हिस्सा रहेको भएपनि संघीय र स्थानीय निकायबाट सहकारी क्षेत्रका सवाललाई कसरी सम्बोधन गरिने हो भन्ने हालसम्म प्रस्ट हुन सकेको छैन । सञ्चारमाध्यममा केही समययता आएका समाचार हेर्दा दुई/चार जना टाठाबाठाले सयौं, हजारौंलाई गुमराहमा पार्दै ठगी गर्ने माध्यम सहकारी बनिरहेको देखिन्छ । सहकारीमार्फत सर्वसाधारण ठगिएको, सहकारी सञ्चालकले बदमासी गरेको समाचार नियमित आइरहेका छन् । यो अत्यन्त दुःखको कुरा हो । विगतमा सहकारी अभियान जुन रुपमा अगाडि बढेको थियो त्यो अहिले हुन सकेको छैन । सहकारी क्षेत्रमा अहिले अनेक समस्या देखिने गरेका छन्, जसले गर्दा पूरै सहकारी क्षेत्र नै बदनाम हुने खतरा बढेको छ । सहकारीको समग्र अभियानको मूल लक्ष्य भनेकै समाज रुपान्तरणका लागि ऐक्यबद्धता रहेको हुँदा त्यसलाई नै विशेष प्राथमिकता दिएर जनजीविकामा सहजता ल्याउँने काममा सम्बन्धित देशका सरकारले ध्यान दिनुपर्छ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष मनाइने सहकारी दिवसले सार्थकता प्राप्त गर्न सक्छ । अन्यथा दिवस औपचापरिकतामै सिमित बन्न पुग्दछ ।**

### Opinion @ Social Network

पात जस्तै भाका छन्, आजकालका सम्बन्धहरू
आज हरियो, भोली पहेलो, अनि पर्सि ओइलियो
*(सागर आलेको फेसबुक स्टाटस https://www.facebook.com/sagar.ale00524)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# परिवर्तनको आभाष कसरी दिने ?




***जनताको विकासमा साझेदारीता र विकास क्रियाकलाप प्रतिको अपनत्व, आफ्नो जिम्मेवारी र उत्तरदायित्व बढाउनका लागि स्थानीय सरकारद्वारा सञ्चालन गरिने आफ्ना गतिविधिहरुमा पारदर्शिता, जनताप्रति उत्तरदायित्व र जवाफदेहीता साथ जनता समक्ष प्रस्तुत हुनु हरेक पालिकाको अभिभारा रहन्छ ।***

अहिले जनताको मूल माग लोकतन्त्र र विकास हो । लोकतन्त्र, निर्वाचन र त्यसले प्रतिनिधि छनोट गर्ने एवं सोही आधारमा सत्ता सञ्चालन गर्ने माध्यम मात्र होइन । लोकतन्त्र जनताको दैनिकीदेखी नयाँ विकासका अवसरमा प्रवेशको आधार पनि हो । यसको प्रत्यक्ष अनुभूति गर्न पाउनु जनताको आधार एवं हक पनि हो । नेताले जित्नु र सरकार बनाउँदैमा जनताको जीवनमा परिवर्तन आउँदैन । विभिन्न राजनीतिक परिवर्तन गर्दैमा, नयाँ व्यवस्था ल्याउँदैमा जनतामा विद्यमान रहेका समस्या समाधान हुन्छ भन्ने पनि होइन । यसर्थ जनताको माग रहन्छ, हामीलाई लोकतन्त्र पनि आवश्यक छ र विकास पनि हुन जरुरी छ ।

यसै सन्दर्भमा लोकतन्त्र विकास र समृद्धिका लागि स्थानीय तह, प्रदेश र संघीय निर्वाचनमा आ-आफ्नै घोषणा पत्र जारी गर्ने गरेको देखिन्छ । स्थानीय निर्वाचनको ३ वर्ष वितिसकेको सन्दर्भमा विभिन्न उम्मेदवारहरुले आ-आफ्नो पार्टीका तर्फबाट जनतासामू प्रस्तुत गरेका घोषणा पत्र र कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गर्ने समय भएको छ । यद्यपी यो समिक्षा प्रत्येक वर्ष गरिनुपर्ने भए पनि ढिलै भए पनि यसैको समिक्षार्था पार्टीहरुले आफ्ना निर्वाचित जनप्रतिनिधिहरु र पार्टीबिच अन्तर्क्रिया, समिक्षा तथा रणनीति तय गर्न जरुरी छ । मुलुकको विकासको मूल आधार र मान्यता भनेकै स्थानीय तहहरु हुन् । किनकी विकासको प्रारम्भ यहीबाटै हुन्छ जुन दीगो विकासका मूलपक्ष पनि यही हो । समिक्षा तथा अन्तरक्रियामा विविध विषयहरु जस्तै सुशासन, जनतालाई सहज र सरल सेवा, दीगो विकास, रोजगारी र स्वरोजगारी, उद्यम र उद्यमशिलता विकास, आर्थिक तथा मानवीय श्रोतको प्रभावकारी पहचान र परिचालन, स्थानीय आवश्यकताको परिपूर्ति, शिक्षामा तिव्र प्रभावकारीता र गुणस्तरियता, आधारभूत स्वास्थ्य सेवामा पहुँच, कृषी उत्पादन, बजारीकरण, मूल्यअभिबृद्धि, आत्मनिर्भरता, सामुदायिक वनको व्यवस्थापन र उपयोग, पर्यटनमा पहुँच, पर्यटनका विविध क्षेत्रको पहिचान र आधारहरुतय, पर्यटनका माध्यमवाट सामाजिक आर्थिक रुपान्तरणका लागि प्रभावकारी परिचालन रणनीति, व्यवहारिक नीति, नयाँ गन्तव्यको पहिचान, श्रोत परिचालन रणनीति तय गर्ने जस्ता पक्षमा अवलम्वन गरिएका नीति कार्यक्रम र प्रभाव मापन जरुरी देखिन्छ ।

यसैगरी तिव्र र प्रभावकारी विकासका लागि सार्वजनिक नीजि साझेदारीका माध्यमबाट नीजि क्षेत्रको परिचालन र लगानी प्रवर्द्धन, सार्वजनिक सम्पती र सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र पर्यटनका विधागत क्षेत्रको विकासमा नीति तथा कार्यक्रम र सिमित श्रोतको प्रभावकारी परिचालन पहलको अवस्थाको मापन, महिला सशक्तिकरण र महिला उद्यमशिलता विकास, पालिका भित्रको साहित्य,कला, संस्कृति र रितिरिवाज, जात्रा पर्वको अभिलेखीकरण र संरक्षण सम्वर्द्धनमा प्राथमिकताको अवस्था जस्ता विषय समिक्षामा मुल विषय बनाउने र यस्ता विषयमा गहन ध्यानाकर्षण र केन्द्रित हुन जरुरी देखिन्छ । स्थानीय सरकारको अर्को मुख्य काम भनेको फोहोर व्यवस्थापन, वातावरणीय स्वच्छता, शुद्धता र वातावरण परिवर्तनको प्रभावले परेको एवं पर्न सक्ने असरप्रति जिम्मेवारी र सचेतना अभिवृद्धि एवं सहभागिता पनि हो । यस पक्षका सन्दर्भमा समेत सचेतता जरुरी रहन्छ । यस्तै विविध विषयहरुमा स्थानीय सरकारको भूमिका अहंम रहन्छ । यस्ता विषय एवं क्षेत्रहरु प्राथमिकतामा पारिएको छ छैन भन्ने कोणबाट जनताले हेरिरहेका हुन्छन् । यसको मतलव के हो भने विकासमा विभिन्न जातजाती र वर्गलाई समाहित गर्दै विकासको अनुभूति सहित सक्रिय सहभागिता गराउन सकेको खण्डमा मात्र मुलकमा लोकतान्त्रिक गणतन्त्र र शासन प्रतिको विश्वास सिर्जना हुन सक्छ । यही नै अहिले प्रथम दृष्टिको मुल्यांकनको आधार बनेको देखिन्छ ।

जनताको विकासमा साझेदारीता र विकास क्रियाकलाप प्रतिको अपनत्व, आफ्नो जिम्मेवारी र उत्तरदायित्व बढाउनका लागि स्थानीय सरकारद्धारा सञ्चालन गरिने आफ्ना गतिविधिहरुमा पारदर्शिता, जनताप्रति उत्तरदायित्व र जवाफदेहीता साथ जनता समक्ष प्रस्तुत हुनु हरेक पालिकाको अभिभारा रहन्छ । हालै हरेक पालिकाद्धारा सार्वजनिक गरिएका आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि सार्वजनिक गरि अवलम्वन गरिएका रणनीति, नीति तथा कार्यक्रममा आफ्नो घोषणापत्रहरुको प्रभावकारी कार्यान्वयन, कार्यान्वयनको लागि रणनीति, नीति र कार्ययोजनामा आफ्नो पार्टीका अंगहरुको परिचालन, समन्वय र व्यवस्थित सूचना प्रणालीको निर्माण सहित परिचालन प्रारम्भ जरुरी देखिन्छ । अब हरेक पार्टीहरुद्धारा स्थानीय पालिकाद्धारा घोषित कार्यक्रम तथा बजेटमा पार्टीले तय गरेका रणनीतिको सूक्ष्म अध्ययन र पालनाको अवस्था, जिल्लाले निर्धारण गरेका मान्यता, अवधारणा अनुरुपको कार्यान्वयन संयन्त्र निर्माण, पार्टी र अंगहरुसँग नियमित सम्पर्क, समन्वयको आवश्यकता रहन्छ । पालिकाद्धारा अगाडि सारिएका नीति तथा कार्यक्रमहरुको क्षेत्रगत प्रावकारिताका साथ कम्तीमा पालिका भित्र भूमिहिन वर्गकालागि पूर्णत नभए पनि केही नमूना योग्य कार्यहरु प्रारम्भ गर्न जरुरी देखिन्छ ।

**प्रभावकारी कार्यान्वयनका लागि रणनीति के बनाउने ?**

पार्टी र जनप्रतिनिधिबीच नियमित सम्पर्क समन्वय अन्तर्क्रिया र रणनीति तयार पार्ने कार्यमा तदारुकता देखाउन जरुरी देखिन्छ । यसैगरी अन्य क्षेत्रमा गरिएका नमूना अभ्यास, प्रभावकारी कार्यक्रम, जनताको अपनत्व जस्ता उदारणीय पक्षहरुका बारे स्थानीय सरकारका प्रतिनिधिहरुले देख्न, सुन्न पाउने अवसर बनाउन जरुरी रहन्छ । यसका लागि समय समयमा केन्द्रिय पदाधिकारी,संघीय सांसद,प्रदेश सभाषद्, प्रदेश पार्टी पदाधिकारी र जिल्ला संगठन एवं जनप्रतिनिधिबिच स्थानीय क्रियाकलापको समिक्षा र प्रभावकारिताका लागि थप रणनीति तय र कार्यान्वयन संयन्त्र निर्माण जरुरी रहन्छ । साथै, जिल्लाका पालिकाका आफ्ना जनप्रतिनिधिबीच आफ्ना नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि छलफल र रणनीतितय एवं कार्यान्वयन प्रक्रिया अवलम्वन गर्न सके घोषणा पत्र कार्यान्वयको अवस्थालाई बल पुग्नेछ । साथै,पालिकाहरुले आफ्नो कार्यक्रम कार्यान्वयन र त्यसका लागि आवश्यक थप सम्भाव्य श्रोतको परिचालनका लागि हरेक पालिकाद्धारा पालिका भित्रका तर जिल्ला बाहिर रहेका सक्षम, व्यवसायिक व्यक्तिहरुको अभिलेखीकरण गरी परिचालन गर्ने रणनीति बनाउन सके थप मद्दत पुग्ने देखिन्छ । यस कार्यमा कतिपय पालिकाहरुद्धारा रणनीतिक परिचालन गरेको समेत देखिन्छ ।

पालिकाहरुको आफ्नै आम्दानीले मात्र सबै क्रियाकलाप सञ्चालन गर्न गाह्रो हुने देखिन्छ । सिमित साधन र श्रोतका बावजुद धेरै नतिजा लिनुपर्ने चाप समेत भएको कारण पालिकाले आफ्नै आम्दानीको व्यवस्थित र प्रभावकारिता सहितको कार्यक्रम कार्यान्वयनतयले मात्र विकासका सबै आवश्यकता पुरा हुन सक्ने हुनाले यसका लागिको कहाँ र कसरी परिचालन गर्न सकिन्छ भन्ने रणनीति जरुरी देखिन्छ । स्थानीय सरकारहरुको प्रभावकारिता सहितको उपलब्धिका लागि कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, उद्यमशिलता, स्वरोजगारी, मूल्य श्रृखला अभिबृद्धि, आयवृद्धि, स्थानीय सीप र ज्ञानमा आधारित व्यवसाय प्रवर्द्धन, स्थानीय बजार केन्द्रहरुको विकास, यसबाट सिर्जित स्वरोजगारका अभ्यास र नमूना प्रदर्शन, सामुदायिक वनहरुमा पर्यापर्यटनका अवसरको सिर्जना जस्ता क्षेत्रबाट प्रभावकारीता मापन सम्भव छ भन्ने उदारण स्थापित गर्नका लागि क्रियाशिलता जरुरी देखिन्छ ।

**स्थानीय सरकारको संकल्प र प्रतिवद्धता :** हरेक पालिकाद्धारा अवलम्वन गरिने कार्यक्रमहरुको समग्र प्रभाव भनेको जिल्लास्तरिय सुचांकहरुमा देखिन सक्नु पर्छ । यसर्थ आफ्ना नीति तथा कार्यक्रम एवं विनियोजित बजेट र छनौट गरिएका परियोजनाबाट पालिकाको आर्थिक विकास सूचांक, मानव विकास सूचांकको मापन, पूजि सिर्जना भै बहुआयामिक प्रभाव देखिने गरी प्रभाव देखिने आधारहरु तयार पार्ने कार्य देखियो भने जिल्ला सूचांकमा प्रत्यक्ष अकिंत हुन्छन् । साथै दिगो विकास लक्ष्यहरुका विविध पक्षहरुमा पालिकाको मापकिय अंश हासिल भएको देखिनुपर्छ । यस्ता सूचांकहरुलाई प्रत्येक वर्ष आफ्नो पार्टीको समिक्षाका अवसरमा र जिल्लास्तरिय समिक्षाका अवसरमा प्रस्तुत गरी जिल्लाको अवस्था प्रदर्शन गर्ने संयन्त्र निर्माण गर्न जरुरी छ ।

अर्धवार्षिक रुपमा जिल्लामा स्थानीय तह, राजनीतिक दल लगायत सम्वद्धहरुको सहभागितामा जिल्ला विकास सूचाकं सार्वजनिक गर्ने परिपाटी बसाउन सकिन्छ । यसबाट रोजगारी सिर्जना, स्वरोजगारीको विकास, उद्यम विकासका नमूना अभ्यासहरु सार्वजनिक, महिला सशक्तिकरण, उद्यम र उद्यमी महिलाको सिर्जना, विभिन्न स्थानहरुमा नयाँ बजार केन्द्रको प्रारम्भ , आर्थिक गतिविधिमा चयायमानता, पुँजी सिर्जना, लगानी वृद्धि, पर्यटनका नयाँ गन्तव्यको पहिचान, लगानी वृद्धि र आकर्षणका नयाँ अभ्यास, सार्वजनिक निजि साझेदारीको अभ्यास लगायतका तथ्य तथ्याकंहरुको प्रस्तुति गर्ने संयन्त्र जरुरी छ ।

नियमितरुपमा जिल्लामा हुने समन्वय बैठकमा आफ्नो पालिकाको उपलब्धी सहितको प्रस्तुतिलाई प्राथमिकता र लक्ष्य बनाउने मात्र हो भने पनि विकासको सुरुवात ग्रामीण क्षेत्रबाटै हो भन्ने सन्देश प्रवाह गराउन सकिन्छ । यसैबाट मात्र जनताले विकासको स्वाद, गन्द, परिपाटी, अपनत्व प्रदर्शन मात्र होइन सहभागिता समेत हुन जान्छ । यही नै स्थानीय विकासको सही उद्देश्य हो ।

***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

### महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यापारबाट लाभ आर्जन गर्न सकिएला।कार्य बन्नाले मनमा उत्साह जाग्नेछ। | **तुला** : योजन अनुरूप कार्य गर्नुहोला। परिश्रम फलदायी रहनेछ। |
| **वृष** : अधिकार स्थापित गर्न सकिनेछ। प्रतिस्पर्धीहरू आफै किनारा लाग्नेछन्। | **वृश्चिक** : कार्यक्षेत्रमा बाधा आउनेछ। व्यवसायमा धैर्यताको परिचय दिनुहोस्। |
| **मिथुन** : सुझाव लाभदायी रहनेछ। रोकिएको अध्ययन अगाडि बढ्नेछ। | **धनु** : भेटघाटले मन प्रसन्न रहनेछ। आफनो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। |
| **कर्कट** : कार्यक्षेत्रमा पछाडि परिनेछ। व्यवसायमा परिवारको साथ नमिल्ला। | **मकर** : व्यक्तिहरूसँग मित्रता बढ्नेछ। नयाँ कार्यप्रति हिम्मत जगाउनेछ। |
| **सिंह** : मेहनतले प्रतिस्पर्धा जित्न सहयोग पुर्याउनेछ। समाजमा प्रतिष्ठा बढ्नेछ। | **कुम्भ** : धर्मकर्ममा मन लाग्नेछ। स्वादिष्ट भोजनको आनन्द मिल्ला। |
| **कन्या** : बौद्धिक क्षमता विकास हुनेछ। शुभचिन्तकहरूको सहयोग लिनुहोला। | **मीन** : साधन चलाउँदा सावधान रहनुहोस्। न्याय र कानुनी पक्ष मजबुत हुनेछ। |

# साहित्य दर्पण

क्लासिक कथा — मञ्जु काँचुली

## योग्य वर

'छोरी दिँदा केटाको म्लेच्छ आचरण नहोस् । आफ्नो संस्कृति र परम्परालाई जोगाएर राख्नेचाहिँ होस् । सबैभन्दा ठुलो कुरा त्यही हो ।' गाउँघरको एउटा आँगनमा कसैले भन्यो । 'छोरी मान्छे अर्काको भित्तो पोत्ने जात हो । उसले एउटा पिंजडाबाट अर्को पिँजडामा जानुपर्छ । त्यो शिवेले कान्छी छोरीचाहिँलाई के पढाइराख्या होला । हेरि गाउँले कसैको चित बुझ्या नि छैन । अब सोह्र पुगी सत्र लागिसकी, तरूनी भइसकी नि । बिहे नगरिदिएर के त्यसै राखिछाड्या होलान् । छोरीलाई पढाएर के लछारपाटो लाग्छ भनिठान्या होलान्' गाउँघरकाहरूले यसो भने । 'आ... चाँडै बिहे गरिदिए मात्र के हुने हो र ?' अर्को कसैले भन्यो । आजकाल पार्वतीको बिहेको चर्चा मध्यावधि निर्वाचन जतिकै छ । एक थरी भन्छन्- हुनुपर्छ, अर्का थरी भन्छन्- हुनुहुन्न । गाउँमा उसको शीलस्वभाव, रूप र काममा लगनशीलताको अत्यन्त प्रशंसा छ । पार्वतीलाई चिन्नेजान्ने मान्छेहरूले ऊ एउटा अनुशासनमा राखिएकी छोरी हो भन्छन् । सुसंस्कृत छे भन्छन् । नरम मिसाजकी छे भन्छन् । थोरै बोल्ने स्वभावकी छे भन्छन् । अह्राएको काम सबै गर्छे भन्छन् । काममा लागेकी छे । घरको काममा गोठदेखि लिएर भान्छा, घाँसदाउरा सबै छरितोसँग जिम्मेवारीपूर्वक सम्हाल्छे भन्छन् । बुद्धिमान् छे भन्छन् । स्कुलको पढाइमा अत्यन्त तेजिली छे भन्छन् । पार्वती शिव शर्माकी मन परेकी र कान्छी छोरी हो । त्यसैले नै उसले यो छोरीलाई पढाएको हो । अरू दुई छोरीलाई उसले एक माना मनग्य खान पुग्ने घरमा चौध वर्षको उमेर ननाघ्दै विवाह गरेर पठाइसकेको छ । उसले कसैको पनि लोकाचार खप्नुपरेको छैन । किनकि उसका छोरीहरूले गाल पारेर हिँड्ने उमेरअघि नै उसले उचित समयमा उचित तवरले बाटो लगाइदिइसकेको छ, डाँडा कटाइदिइसकेको छ । तर आज शिव शर्माको पारिवारिक जीवनमा अलिकति सोच र चिन्ता यो कान्छी छोरी पार्वतीले उब्जाइदिएकी छ । त्यस्तो अनिष्ट त खास केही भइहालेको होइन तर सत्र वर्षको उमेर भइसक्दा पनि उसलाई दुलाहाको घर पठाउन पाइएन भन्नेचाहिँ पक्का पनि शिव शर्माको ठूलै चिन्ता हो ।

सावित्रीदेवीलाई साहिँली भाउज्यूको नाममा गाउँमा सबैले चिन्छन् । ऊ निक्कै छक्कापञ्जा गर्न जान्ने एउटी अधबैँसे स्वास्नीमान्छे हो । उसको आफ्नो गृहस्थीचाहिँ सप्रेको भन्न नमिल्नेचाहिँ छ । ऊ विवाहिता छे, त्यसैले भाउजू भनेका हुन् । ऊ सन्तानहीन र पतिहीन छ । त्यही चालीस बर्से सावित्रीदेवी शिव शर्माको घरमा एक दिन उल्लासपूर्ण अनुहारमा टुप्लुक्क आइपुग्छे । ऊ कसैको घर पस्दा गाउँघरको कुनै न कुनै आश्चय वा नयाँ समाचारसहित पस्छे । शिव शर्माकी स्वास्नीलाई चिन्ता नै छोरीको बिहेको छ । हत न पत छोरीको बिहेको कुरा र भनेजस्तो उम्मेदवारको खोजीको सन्दर्भ साहिली भाउजुको अगाडि ऊ आउनासाथ राखिदिन्छे । उसले यो कुरा भन्नुअघि नै साहिली भाउजुको मुख सकसकाइसकेको हुन्छ, 'आजकल त बिहे गर्ने चलन पनि अलि ढिलो नै छ, गोपालकी छोरी पनि त अठार यही गएको वैशाखमा नाघिसकी नि, अझै बिहे गरह्या छैनन् । आ... उमेर पुगेर बिहे गरे त छोरीले घर खान सक्छन् नि ।' साँच्ची त्यो कृष्णेको छोरोले त अम्रिकाँ धेरै पढेर अहिले काठमानडौँ सहरा बेस्कन पैसा कमाएर बस्या छ रे । बाउआमालाई पनि उतै झिका छ रे । कन्याचाहिँ ये हाम्रै गाउँकै गर्ने रे । सहराँ नि थुप्रै कन्या दिन आइरहन्छन् रे । पहिले पहिले गाउँका केटाले सहरका कन्या पाउँदैनथे । सहरियाहरू पाखेलाई छोरी दिँदैन भन्थे । आजकल त सहराँ छोरी धेरै भएछन् क्यार, थुप्रै दिन आइरहन्छन् रे । कृष्णाको छोरोचाहिँ आफैँ गाउँघरकै पढेलेखेकी राम्रो स्वभाव भएकी कन्या बिहे गर्छु भन्छे रे । हाम्री पार्वती कृष्णाको छोरालाई, मेरो विचारमा ठिक्क मिल्ने रैछ । म कुरो चलाऊँ ? कुरो पठाऊँ ?' शिव शर्माकी स्वास्नी फरिया अलिकति माथि सार्दै सावित्रीको नजिकै टुक्रुक्क बस्न पुगी र भनी, 'हुँदैन, हुँदैन, त्यस्तोलाई हाम्री छोरी । सितमा लिन खोज्दा हो । त्यस्तो आफ्नो धर्म-संस्कृति नै बिर्सेर बस्नेलाई नि कसैले छोरी दिन्छन् ? हुन्न है हन्न 'सानी' का बा । त्यस्लाई चाहिँ हाम्री छोरी के भनेर दिन हुन्थ्यो, कुनै हालतमा पनि हुँदैन । फेरि त्यो अलिदिनाँ अम्रिका नै फर्किन्छ रे । त्यल्लाई छोरी दियो भने त हाम्ले छोरीको अनुहार पनि देख्न पाउदैनौँ ।' शिव शर्मा स्वास्नीको कुरा सुनेर एकफेर जङ्गियो र फेरि स्वास्नीको कुरा उसलाई मनमा बडो घत लाग्यो । नपढेको, नलेखेको भए पनि अरूले आफूलाई आधुनिक भनिदिएको रूचाउने शिव शर्माले स्वास्नीलाई सानो स्वरमा छाँस्यो, 'के कुरा गर्छ यो ? आजकल धेरै पढ्न अम्रिका त जानपर्छ नि । केटो त निक्कै गतिलो जस्तो छ ।' तर म्लेच्छ वातावरणमा दस वर्ष बिताएको ज्वाइँलाई कसरी 'नारान्' मानेर गोडामा ढोग्नू ? उसको मन दिग्मिगायो । शिव शर्माले आफ्नो जिन्दगीभरमा भोगेका धेरथोर द्वन्द्वमध्ये यो नै सबभन्दा ठूलो द्वन्द्व भयो । 'नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाउको अनुहार' भयो उसलाई । उनीहरूकी छोरी पार्वतीचाहिँ भरखर एस. एल. सी पास गरेर क्याम्पस जाने उत्साह, उल्लास र तरखरमा छे । आफ्नो पढाइको लागि क्याम्पस पढ्ने किताब पनि किनेर ल्याइसकेकी छे । उसका अरू पास भएका साथीहरू सीता, अम्बिका, इन्दिराको यसै साल बिहे हुने निश्चित भइसकेको छ । आफ्नो पनि बाउले बिहे गरिदिने हो कि, क्याम्पस पढ्न नपाइने हो कि भन्ने उसलाई ठूलो चिन्ता र डर छ । मिल्ने साथीहरूसँगको बिछोड अर्को दुःखको कुरा हुनेछ । क्याम्पस भर्ना हुँदा पनि परीक्षा लिइन्छ रे, त्यसैले ऊ अझ मिहिनेत गरेर पढ्दै छ । घरका कामहरू अब उसलाई बिस्तार-बिस्तार बोझ जस्तो लाग्न लागिरहेको छ । फुर्सत भयो कि किताब नै लिएर बसिहाल्छे । एक साँझ भान्छामा थालको भाग मुछ्दामुछ्दै टक्क अडेर स्वास्नीको अनुहार हेर्दै शिव शर्माले भन्यो, 'छोरीलाई भनेजस्तो केटो नै पाइएन, बरू यसै राख्नुभन्दा त्यही कृष्णेको छोरोलाई दिने पो हो कि ? पढेलेखेकै छ, परिवार सम्पन्न र इज्जतदार छ, पैसा पनि धेरै नै कमाउँछ, रोगीको उपचार गर्ने डाक्टर भएको छ । छोरी त्यसैलाई दिनुपर्छ । पछि यहीँ सदरमुकाममै आएर बस्ला । छोरीले सदरमुकाममा सुख पाउँछे । हुँदैन ? अरू छोरीहरूसँग वर्षको एकचोटि भेट्न मुस्किल छ ।' शिव शर्माको कुरा पूरा हुन नपाउँदै उसकी स्वास्नीले च्याँठिएर बोली, 'केटोकी आमा कस्ती छ नि, थाहा छ ? फरिया घुँडासम्म स्यारेर गाउँ सप्पै चाहारिसक्छे । कत्रो ठूलो स्वरले बोल्छे । त्यसको त टाउको पनि बारीको सबभन्दा ठूलो फर्सीजत्रै छ, कपालचाहिँ रायोको गुन्द्रुक जस्तै छ । हुन्न, हुन्न, हुन्न, हाम्री छोरी त्यसलाई के भनेर हुन्थ्यो । कुरै नगर्नुस् । त्यसको छोरोसँग फेरि हाम्रो कामकुरै मिल्दैन, त्यसले त गाईको मासु पनि खान्छ जस्तो छ । हामी त गाईको पूजा गर्छौं ।' 'कसले भन्यो ? नचाहिने कुरा गर्छे । बाहिर पढ्दैमा गाईको मासु खानै पर्छ र ?' तर उसको एकान्त मनले उसलाई सुटुक्क भन्यो, 'मलाई पनि त्यस्तै-त्यस्तै लाग्छ, हाम्रो कुरा र रहन-सहन त्यो सँग मिल्दैन ।' कुराको अन्त्य उसले यसरी गर्यो, 'भैगो अब तेरो त्यस्तै विचार छ भने त्यसलाई हाम्री छोरी नदिउँला, के बिग्रिहालेको छ र ?' शिव शर्मा र उसकी स्वास्नीको जिन्दगीमा एउटै धोको बाँकी छ- गोप्राणी जस्ती आफ्नी छोरी एउटा शुद्ध ब्राफमणपुत्रलाई लगनगाँठो बाँधेर सुम्पिदिने तर उनीहरूको जोडदार समस्या यही छ, आजकल गाईको शुद्ध दूध भेट्न मुस्किल भएजस्तै शुद्ध ब्राह्मण भेट्नै मुस्किल छ, आजकल मान्छे जनै लाउनै छाडिसके र गायत्री मन्त्र कसैले जपै गर्दैन । राति सुत्नुअघि आफ्नो पतिको गोडामा तेल घस्दै बोल्ने स्वाभाविक स्वरलाई पातलो र नरम पारेर शिव शर्मालाई उसकी स्वास्नीले भनी, 'बरु त्यो परको माथिल्ला घरे गोविन्देको एउटै छोरो रामेलाई हाम्री छोरी दिने हो कि ? बाउले आफू जस्तै पाठपूजा सिकाउने रे, संस्कृत पनि पढाउँछन् रे । दुनियाँ भ्रष्ट भए पनि म त मेरो छोरोलाई भ्रष्ट हुन दिन्नँ भन्छिन् रे आमा पनि । छोरोलाई राम्ररी तह लगाउँदै छन् जस्तो छ । चुरोट त खाँदै खाँदैन रे । सुपारीसुद्ध टोक्दैन रे । कति राम्रो गाईखुरे टुपी पालिराख्या छ रे । फेरि छ डोरे जनै सधैँ कति राम्ररी लर्काएर लाउँछ रे । केटो हुनेको पहिरन पनि कस्तो, सादा अंगा सुरूवाल मात्र लगाउँदो रहेछ । घराँ सधैँ धोती लाउँदो र छ । रूदी, चण्डी, वेदका श्लोक त कण्ठै आउँछ रे । आजकलको जमानामा यस्तो चोखो मान्छे, फेरि यस्तो परकाण्ड मान्छे कहाँ पाउनु ? मलाई त यै केटो मन पर्यो । 'सानी' का बा हजुरको के विचार छ ?' गोडा मिचेको आनन्दको साथसाथै स्वास्नीको चित्त बुझ्ने कुराले शिव शर्मा लोलाएको मुद्रामै पूर्ण प्रफुलित भयो । पूर्ण आदर्श, पूर्ण नैतिकता र पूर्ण अनुशासनको बलिया खम्बाहरूले बनेका उसको भावी ज्वाइँको मानवनिर्मित शरीर र सम्भावित व्यवहारले ऊ एकै छिन पुलकित भयो । स्वास्नीले बताएकी ज्वाइँ नारान्को तस्वीर उसको आँखाको सामुन्ने उभिन आइपुग्यो- स्वास्नीकै शब्दमा प्रष्ट चित्रित भए अनुसारको । 'महिला हकहितको लागि युवा र महिलाको आज जुलुस छ । ऊ पर देख्नुहुन्छ ? जुलुस यतैतिर आउँदै छ ।' बिहेमा जम्मा भएका निम्तालु र गाउँलेहरूको भिडको ध्यान त्यतैतिर आकर्षित हुन्छ । भीड त्यतैतिर बिस्तार अघि सर्छ । भीड अलि नजिकै आइपुगेपछि प्रष्ट हुन्छ । जुलुसको हुलभित्र अग्र भागमा शिव शर्माकी छोरी पार्वती पनि छे । उसको हातमा एउटा प्लेकार्ड छ । त्यसमा यी नाराहरू लेखिएका छन् : 'उमेर नपुगी नारीको बिहे गर्न पाइँदैनन् । पैतृक सम्पतिको अधिकारबाट महिलालाई बञ्चित गर्न पाइँदैन । महिला अधिकार मानव-अधिकार । महिला युवा जिन्दावाद !' कसैले शिव शर्माको नजिक आएर औँलाले देखाइदिएपछि शिव शर्माले जुलुसका भिडमा बल्ल छोरीलाई देख्यो । उसका छोरीको हातमा प्लेकार्डलाई देख्यो । त्यसमा लेखिएको अक्षर पनि देख्यो । भिडको बीचमा गलित भएर ऊ थपक्कै बस्यो । त्यसरी बस्न पुगेको पनि ऊ आफैँलाई पत्तो भएन । फोक्सोको सासजति सबै स्वातै खुइयको सुस्केरासँगै मानो शब्दसँग फुस्कयो, सिद्धियो नै, 'छोरीलाई पढाउनु हुन्न भनेको साँच्चै नै रहेछशिक्षित होली भनिठानेको थिएँ नेता हुन पुगिछ ! हाय रे दैव....' *-साहित्यपोस्ट डटकम*

निबन्ध — ज्ञानेन्द्र विवश

## मनभित्रै पीडा गुम्स्याउँदै बाँचिरहेकाहरू

मनभित्रै पीडा गुम्स्याएर पनि महिलाहरूका मुस्कान जीवनका सौन्दर्य हुन् । त्यसैले महिला सौन्दर्यका साक्षात् देवी हुन् । शक्ति, सिर्जना र सौन्दर्यका महान् प्रतिमूर्ति हुन् । छोरी, बुहारी, दिदीबहिनी, श्रीमती, आमा, सासु यी सबै आमाका अनेक रूप हुन् । समाजका लागि महिलाले अनेकौँ भूमिका खेल्नुपर्छ ।

महिलाहरू आफ्ना कैयौँ पीडाहरू मनभित्रै लुकाएर बाहिर स्वाभाविक जीवन बाँच्न विवश छन् । पारिवारिक खुसीको कुरा एकातिर होला तर दुःख, पीडा र तनावका अनेकौँ झमेलामा बाँचेको जीवनले शान्तिको सास फेर्न मुस्किलले पाउँछ । अनेकौँ पीडा, अन्याय, अत्याचारका भुमरीमा आँसुले लपक्कै भिजेर जीवन बाँच्ने महिला हाम्रै समाजमा छन् । बुहारी बुहार्तनका पीडाको चोट एकातिर, पतिसँगको सम्बन्धले बिग्रिएको जीवन अर्कोतिर छँदै छ । यससँगै कति महिला अरूको अन्यायका विरुद्ध न्याय दिन वा दिलाउनमा ज्यान दिन्छन् तर आफ्नै जीवनले भोगेको अन्यायका विरुद्ध आवाज उठाउन समाजको डर र लाजले सहेर, लुकाएर बस्न बाध्य भइरहेका घटना धेरै भेटिन्छन् । महिलाले जीवनको प्रत्येक पाटोमा आफूलाई चुपचाप सम्हाल्न सिकेकी हुन्छिन् । प्रथमत: आफू हुर्की-बढी खाइखेली बाँचेको प्यारो जन्मघरलाई छाडेर पराई घरमा अर्को नयाँ संसार सिर्जना गर्नु आफैँमा नयाँ चुनौतीको सामना गर्नु हो । घरमा बुबाआमाको मायालु काखबाट अनायसै बिरानो परिवारमा सदाका लागि जीवन बिताउनु कुनै पनि महिलाका लागि चुनौती र खुसीको कुरा कदापि हुन सक्दैन । तथापि सांसारिक नियम हो जन्मघर छाडेर पराई घरमा जानैपर्ने परम्पराको निर्वाह महिलाले गर्नैपर्छ । डोलीमा अन्माउँदा रुवाबासीको हिक्कहिक्क पराई घरमा पुग्दासम्म रोकिएको हुँदैन । केही दिनको माया, ममतापश्चात् सासूससुराको माया बिस्तारै घट्दै जान्छ । कतिपय सासूससुराले त आफ्नै आमाबुवाले भन्दा पनि बढी मायाको काखमा राख्लान् । त्यस्तै बोली र व्यवहार गर्लान् तर कैयौँ सासूससुरा यस्ता हुन्छन् जो आफ्नी बुहारी घरकी 'लक्ष्मी' हुन् भन्ने कुरालाई चटक्कै बिर्सिन्छन् । बुहारीलाई कज्याउनमा आफूलाई 'बहादुरी' ठान्छन् । यसै गरी पुरानो जमानाका सासूहरू पनि कम शास्ति दिने स्वभावका हुँदैनन् । कतिसम्म भने आफू पनि बुहारी भएर आएको कुरा बिर्सिन्छन् र सासूको हैकम जमाउन बाँकी राख्दैनन् । सासू भनेका बुहारीलाई काममा लगाउन अरनखटन गर्नकै निम्ति हो भन्ने संकुचित सोचाइ अझै पनि कैयौँ सासूहरूको मनमा विद्यमान छ । आजको आधुनिक समाजमा यस किसिमको स्वभावका सासूहरू कदापि पनि मानवीय मनका सासूआमाहरू हुन सक्दैनन् र हुँदैनन् पनि । घरमा नयाँ दुलही भित्र्याएपछि उनीप्रति विशेषत: सासूले गर्नुपर्ने व्यवहार आफैँमा एउटा महत्त्वपूर्ण कर्तव्य हो । परन्तु त्यस्तो कर्तव्य निर्वाह गर्नमा अधिकांश सासूआमाहरू यतिसम्म क्रूर र हिंस्रक बन्छन् कि आफ्नो छोरीलाई जति माया गर्छन् आफ्नै छोराकी श्रीमतीलाई पनि आफ्नो बुहारी मान्दैनन् । अर्काकी छोरी भनेर बुहारीलाई पराईका रूपमा हेला गरेर राख्छन् । यद्यपि केही सासूआमाहरू यस्ता मायालु आत्मीय हुन्छन् जो आफ्नै जन्म दिने आमाभन्दा पनि असाध्यै माया गरेर बुहारीलाई आफ्नै छोरीभन्दा बढी ममताले व्यवहार गर्छन् । वास्तवमा गर्नुपर्ने यही हो । जो आफ्नो घरमा बुहारी बनेर भित्रिएकी छिन् तिनैले हो आफ्नो कुल परम्परालाई धान्ने, दिगो-दरिलो बनाएर राख्ने । यति कुरा पनि नबुझी सासूहरू जङ्गी स्वभावले बुहारीलाई सताउन, तर्साउन धम्क्याउन, घुर्क्याउन मात्र अग्रसर हुन्छन् । म आफैँले देखेको, सुनेको र महसुस गरेको कुरा लेख्दै छु । कैयौँ महिला आफूभित्रको पीडालाई बाहिर प्रकट गर्न चाहँदैनन्, बरु सहन्छन् । एकान्तमा रुन्छन् तर समाजको अगाडि चुपचाप सुख, सन्तुष्टिको मुस्कानमा रमाएको नाटक गर्छन् । वास्तवमा यो ती पीडित महिलाका लागि नै घात हो । जब समय आउँछ एक दिन उनीहरूले आफ्नो पीडालाई खोल्नैपर्छ र समाजका अगाडि आफूले सहेको चोटलाई बाध्यतावश प्रकट गर्नैपर्छ, यसमा कतिपय सासूहरू दोषी हुन्छन् । कतिपय श्रीमान्हरू पनि कम दोषी हुँदैनन् । अर्काकी छोरीलाई आफ्नो श्रीमती बनाएर घरमा ल्याएपछि श्रीमतीको रूपमा भन्दा पनि काम गर्ने नोकर्नीको रूपमा व्यवहार गर्नु मानवीय धर्म होइन । 'कुनै पनि किसिमको दुःख दिन्न, सानो चोट पनि लाग्न दिनेछैन । भोकै राख्ने छैन ।' यी आदि अग्नि साक्षी राखेर वचन खाएको पनि केही दिनमै भुसुक्कै बिर्सिन्छन् । घर-परिवारको दबाब, हेला र दोषीको कुरा छाडौँ, महिलाहरू कतै बाटो, कार्यालय वा कुनै पसल आदि ठाउँमा पुग्दा पराई मान्छेको आँखाको 'निसाना' बन्न पुग्छन् । नराम्रो हेराइ मात्रै होइन मौकाको फाइदा लिन पछि नपर्नेहरू पनि हुन्छन् । यसैबिच हाम्रो कानुनले महिलालाई धेरै अधिकार दिएको छ तर त्यसको सही सदुपयोग भएको छैन । आफ्नो हक-अधिकारको सन्दर्भमा धेरै महिला कमजोर छन् । कतिलाई थाहा पनि छैन । जसलाई थाहा छ तिनले आफ्नो अधिकारको गलत प्रयोग गरेका छन् । कुनै पुरुषलाई अनावश्यक दुःख दिनु पत्तासाफ गर्नुपर्‍यो भने बेनामी उजुरी गरी पुरुषलाई हैरान पार्न उद्दत रहन्छन् । हाम्रो प्रशासन वा कानुन पनि गजबकै छ । उजुरी हुनासाथ गल्ती के हो, कस्तो हो नबुझी र उजुरी कर्ताको कुनै नामठेगान नभई व्यक्तिलाई पक्राउ गरी मानसिक तनाव दिइन्छ, दण्डित समेत गरिन्छ । सोझासिधा महिलाहरू आफैँ पीडित भईकन पनि उजुरी नगरी सहेर बस्छन् । एक प्रकारले आफूमाथिको अन्यायलाई पचाउँदै सहेर बस्न बानी परिसकेका हुन्छन् । यस्तो पारिवारिक झमेलालाई अधिकांश महिलाले बाहिर ल्याउन चाहँदैनन् । कति महिलाले सहेर दिन कटाउन बाध्य हुन्छन् । कति महिला सम्बन्धविच्छेद गरी बरु टाढिएर एक्लै बाँच्न चाहन्छन् । कतिपय महिलाको पीडा यस्तो पनि मैले भेटेको छु कि जो घरबाट निकालिन्छन् र बेवारिसे बनेर कतै कसैको शरणमा बाँच्न विवश हुन्छिन् । तिनका लागि श्रीमान् श्रीमान् रहँदैनन्, सासू ससुरा पराई बन्छन् र उनी एउटी निर्दोष निरीह निष्कलंकित महिला एकाएक दोषीको भागिदार बन्न पुग्छिन् । आफ्नो प्यारो जन्म घरलाई छाडेर पराई घरमा आएकी उनी यसरी त्यो घरबाट पनि निकालिन बाध्य हुँदा समेत तिनको मन रुनुसम्म रुन्छ, भक्कानो छुट्छ, मुटु छियाछिया हुन्छ ।

यति हुँदा समेत सहेर आफैँलाई दोषी मानेर चुपचाप बस्छिन्, यही नै उनको कमजोरी हो । यही कमजोरीको फाइदा उनको असत्ती सासू, श्रीमान् र समाजले लिन्छन् । जसको अनुहारमा हाँसो फिँजिएको देखिए पनि आँखाको गहिराइमा कहिल्यै नरित्तिएको आँसुको थोपा हुन्छ । ती आँसुहरू, जो बाहिर पोखिन सक्दैनन्, किनभने त्यहाँ समाजको आँखा छ, समाजको लाज छ । अनि इज्जतको भारी बोकेको बोझ छ । चाहनाका अनेका चाङहरूलाई समेत विवशताले बिर्सिएर समाज र परिवारका अगाडि हाँसेर बाँचेका छन् । हाम्रो समाजमा थुप्रै महिलाहरू यस्ता छन्, जो भित्रभित्रै चोटले चोइटिएर, भत्किएर पनि बाहिर स्वाभाविक मुस्कान छर्छन् । किनभने महिलाहरूका पीडा मनभित्रै गुम्सिएर बसेका हुन्छन् । मुस्कान उनीहरूको सौन्दर्यको पहिचान हो । आँगनमा बुहारीको रूपमा टेक्दा माइती छोडेको पीडा, सासू-ससुराको सेवा गर्दा बिर्सिएको स्वप्न, अनि पतिसँगको बिग्रिएको सम्बन्धको छाया सबै कुरा मनभित्र गाँसिएको हुन्छ । तिनले कहिल्यै चिच्याउन पाउँदैनन्, बर्बराउन पाउँदैनन् । चुपचाप आँसु पुछेर भान्सामा पस्छन् । बेलुका ढिलो भए पनि कोही नसम्झिए पनि खानेकुरा पकाउने, खुवाउने र पखाल्ने काम उनैको बाँकी हुन्छ । सबैले पेटभरि खाइसकेपछि बँचेको अलिकति भातले उनको आत्मा तृप्त गर्नुपर्ने बाध्यता हुन्छ । त्यसपछि पनि उनको काम बाँकी नै रहन्छ । सासूको खुट्टा मिच्ने, श्रीमानको जिउमा तेल लगाउने, बालबच्चालाई सुताउने । यसरी मायाले सुम्सुम्याउने हात तिनै महिलाको हुन्छ । कसले सोध्ने उनलाई 'बुहारी तिमीले खाना खायौ ?, तिमीलाई सञ्चै छ ?' भनेर । आफ्नै श्रीमानले समेत खैखबरी गर्नुपर्ने आवश्यकता ठान्दैनन् । यद्यपि पारिवारिक सम्बन्धको पीडा मात्र हैन, कतिपय महिलाहरू समाजका अन्याय र अत्याचार विरुद्ध आवाज उठाउन अग्रसर देखिन्छन् । आन्दोलन गर्छन्, नाराबाजी गर्छन्, सडकमा इमान र साहसले हिँड्छन् । दुर्भाग्य, आफ्नो जीवनमा परेको चोट, आफ्नै फदयको घाउ भने ओठे मुस्कानले छोप्छन् । आफ्नै मनको आवाज चुँडेर समाजको इज्जतको नाममा मौन बस्छन् । पर्दा लगाएर आफ्नै पीडा लुकाउँछन् । किनकि उस्तै कचकच गर्ने, प्रश्न गर्ने, चरित्रमा दाग लगाउने आँखा कता-कताबाट हेर्दै गरेको छ भन्ने डर महिलामा हुन्छ ।

कति महिलाहरूको जीवन पतिसँगको सम्बन्ध विग्रिएर रातभर ओछ्यानमा लुकिलुकी रुनु र बिहान उठेर सामान्यझैँ व्यवहार गर्नुमा बित्छ । कति महिलाहरूको चोक र गल्लीमा अत्याचार विरुद्ध बुलन्द आवाज हुन्छ तर घरको ढोकाभित्र आफू पीडित हुँदा पनि चुपचाप हुन्छ । किन यस्तो दोहोरो जीवन ? किन मनभित्रको चोट बोकेर दिन काट्नुपर्ने ?

किनभने हाम्रो समाजले महिलालाई दुःख सहनु पुण्य ठानेको छ । आवाज उठाउनु 'अशिष्ट' मानेको छ । आफ्नै पीडालाई सार्वजनिक गर्नु 'इज्जत गुमाउनु' ठानेको छ । अनि यिनै भ्रमित मान्यताहरूको साङ्लोभित्र महिलाको कोमल मन बाँधिएको हुन्छ । वास्तवमा समय अब बदलिनुपर्छ । महिलाले आफ्नो पीडामा मुख खोल्नुपर्छ । आफ्नो अन्याय विरुद्ध पनि उभिन सक्ने आँट महिलामा जाग्नुपर्छ । जहाँ नारीले अरूका लागि ज्यान दिन सक्छे, त्यही नारीले आफ्नै मनको घाउ देखाउन किन नपाउने ? किन आफ्नै हकका लागि बोल्न नपाउने ?

नारीको आँसु, अब लुकेको होइन, अब खोलिएको चाहिन्छ । नारीको चोट- अब दबिएको होइन, अब देखाइएको चाहिन्छ । यिनै पीडाहरूको आवाज बनेर नारीको भविष्य न्यानो सूर्यजस्तै चम्किनुपर्छ । किनभने नारीको पीडा लाज होइन न्यायको माग हो । नारीको आँसु दुर्बलता होइन शक्ति बनाउने पानी हो । नारीको मौनता- अब न विवशता हो न त हार । बरु त्यो मौनता एउटा ठुलो आँधीपूर्वको शान्ति हो । जसले कुनै दिन आकाशको व्यापक परिवेश चिरेर मुक्तिको स्वर गुञ्जाउने निश्चित छ । किनभने महिलाहरू जीवनका सौन्दर्य हुन् । *-रातोपाटी डटकम*

# आज अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइँदै

**पाल्पा, असार २०/** आज अन्तर्राष्ट्रिय सहकारी दिवस नेपालसहित विश्वभर मनाइँदै छ । विभिन्न देशमा जुलाई पहिलो शनिबार अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउने गरिन्छ ।

सन् १८४४ मा बेलायतका रबर्ट ओवेनले सुरुवात गरेको सहकारी आन्दोलनले सन् १९९२ मा संयुक्त राष्ट्रसंघको मान्यता प्राप्त गरेको हो । सन् १९९२ को डिसेम्बर १६ मा बसेको संयुक्त राष्ट्रसंघको साधारणसभाले हरेक वर्ष जुलाई पहिलो शनिबार अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउने घोषणा गरेयता विश्वभर नै प्रत्येक वर्ष अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउँदै आएको छ । नेपालमा भने २०१० सालमा सहकारी सोचको संस्थागत विकास भएको हो । तर २०१३ सालमा बखान सहकारी संस्थाको स्थापनापश्चात् मात्र नेपालमा सहकारी अभियानको सुरुवात भएको मानिन्छ तर पनि अहिलेसम्म सहकारीले अपेक्षाकृत गुणात्मक फड्को मार्न भने सकेको छैन । यसका प्रमुख कारकको रुपमा सहकारी बचत तथा ऋण क्षेत्रमा बढी केन्द्रित हुनु, उत्पादन तथा स्वरोजगार क्षेत्रमा कारोबार घट्नु, सहकारी शिक्षा र चेतना वृद्धि हुन नसक्नु नै रहेको छ ।




सहकारी क्षेत्रले आफूलाई आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको निर्विकल्प निकायको रुपमा स्थापित गर्नुपर्छ । मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि संविधानले सहकारीको महत्वलाई स्वीकार गरेको छ । सहकारी संस्थाको सञ्चालन स्थानीय तहको कार्यक्षेत्रभित्र रहेको वर्तमान अवस्थामा बढ्दो संख्याको सहकारी संस्थालाई व्यवस्थित सञ्चालनका लागि सहकारी ऐनलाई परिमार्जन गरी समयानुकूल बनाउनुपर्ने देखिन्छ ।

सहकारी क्षेत्रमा देशको ठूलो अर्थतन्त्रको हिस्सा रहेको भएपनि संघीय प्रदेश र स्थानीय सरकारबाट सहकारी क्षेत्रका सवाललाई कसरी सम्बोधन गरिने हो भन्ने हालसम्म प्रस्ट हुन सकेको छैन ।

# पाल्पाका फाँटमा...

...सिमसारको अतिक्रमण, वरपरका खेतबारीमा प्रयोग गरिने रासायनिक मल र विषादीको चुहावटका कारण बकुल्ला जस्ता जलपन्छी बर्सेनि घट्दै गएको लामो समयदेखि चराको अध्ययनमा जुटेका विष्णु अधिकारीले बताए । खोला र सिमसार क्षेत्रको विनासले माछाहरु मर्दै जाँदा आहारमा समेत कमी आएकाले जलपन्छी बर्सेनि घट्दै गएको उनको भनाई छ । अधिकारीले भने “वासस्थान विनाश र आहार नहुनु नै बकुल्ला घट्नुको मुख्य कारण हो ।” उनका अनुसार केही वर्षअघिसम्म सयौंको संख्यामा पाएका जलपन्छीहरू अहिले ह्वात्तै घटे । “संरक्षणको पहल भएन भने अबको केही वर्षमा जलपन्छीहरू पूर्ण रूपमा लोप हुनेछन्,” अध्ययनकर्ता अधिकारीले भने “जनचेतना अभियानमार्फत जलपन्छी संरक्षणमा जुट्नुपर्छ ।” जल क्षेत्रको आकर्षणका रूपमा रहेका मालक हाँस, -कम्ब डक) बेयरस हाँस -बेयरस पोचार्ड) तथा काइयोपुच्छे हाँस -फेरिजिनस डक) पनि अति संकट अवस्थामा रहेको अनुसन्धानकर्ताले बताएका छन् । तालहरूमा पानी सुक्दै जानु, जलवायु परिवर्तन तथा जलाधार विनाशका कारण जलपन्छीहरूको वासस्थान संकटमा परेको छ । त्यस्तै जालमा पारेर बकुल्ला, हाँसको चोरी सिकारी बढ्नु र दलदले भाग हराउँदै जाँदा जलपन्छीहरू पनि हराउँदै गएका छन् ।

# विद्युत समस्या समाधान...

...नगर प्रमुख थापाले तत्काल सुधार गर्न सकिने कार्यलाई यथाशिघ्र सुधार गर्नु पर्नेमा जोड दिए ।

छलफलमा नेपाली कांग्रेस रामपुर नगर समितिका सभापति नेत्रप्रसाद भट्टराईले महशुलको विषयमा संघर्ष समिति र कम्पनीबिचको सहमतिमा गुणस्तर सुधार गरेर मात्र महशुल वृद्धि गर्ने भनिए पनि विपिसिले एक्कासी महशुल वृद्धि गर्नु आपत्तिजनक रहेको बताए । नेकपा एमाले रामपुर नगर कमिटी उपाध्यक्ष अशोक श्रेष्ठले विद्युतको पोल व्यवस्थापन र भोल्टेज सुधार तत्काल गर्नुपर्ने बताए । नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश सचिवालय सदस्य कमलराज भट्टराईले जनताको प्रत्यक्ष लगानी रहेको बुटवल पावर कम्पनीले छलफल नै नगरी महशुल वृद्धि गर्नु दुखद् भएको उल्लेख गरे । व्यापार गर्न आएको कम्पनीले लगानी थपेर सेवामा गुणस्तर प्रदान नगर्ने हो भने विकल्प खोज्नुको विकल्प नभएको बताए । ५ का वडा अध्यक्ष दुर्गाप्रसाद पोखरेलले पोल र तारको उचित व्यवस्थापन नहुँदा दुर्घटनाको जोखिम बढेको बताए । लाइन विस्तार र पोल सार्नका लागि जनताले सास्ती भोग्नु पर्ने अवस्था रहेको उनको भनाई छ । ७ का वडा अध्यक्ष दोवराज तिवारीले नगर भित्रका अधिकांश स्थान विपिसिको लाईनबाट सेवा प्रवाह गरे पनि वडाको माथिल्लो स्थानमा लिफ्टीङको लागि नेपाल विद्युत प्राधिकरणको लाइन प्रयोग गरिएको बताए ।

४ का वडा अध्यक्ष राम बहादुर रानाले देविस्थान क्षेत्रमा भोल्टेज कम आउने समस्या रहेको बताउँदै वडा कार्यालयबाट सेवा प्रवाहमा पनि कठिनाई भएको बताए । ३ का वडा अध्यक्ष दामोदर पाठकले विद्युत लाइन विस्तारका लागि नगरपालिका, तत्कालीन गा.वि.स. वडा तथा वन समुहले समेत रकम विपिसिमा खर्च गरे पनि अहिलेको सेवा प्रवाहको स्थितिले हामी माथि शोषण भयो कि भन्ने लागेको बताए । ८ का वडा अध्यक्ष दिनेश आचार्यले विद्युत लाइनको तार मकैको बोटले पनि छुने अवस्था रहेको र विद्युत लाइन नहुँदा ठूला लिफ्टीङ सिंचाई योजनाहरु प्रयोग विहिन अवस्थामा रहेको बताए । ६ का वडा अध्यक्ष दिवाकर देवकोटाले समस्याको पहिचान गरी योजना बनाएर कार्यान्वयन गर्नु पर्नेमा जोड दिए । कार्यक्रममा पत्रकार दुर्गेश मल्ल, रमा भण्डारी र शोभाकान्त पाठकले पनि आफ्नो जिज्ञाशा सहितको सुझाव राखेका थिए । कार्यक्रममा बुटवल पावर कम्पनी आँधीखोला वितरण केन्द्र गल्याङ्का वितरण प्रमुख डिल्लीराम ढकालले सहभागीहरुको गुनासो सम्बोधन गर्दै समस्या समाधानका एक्सन प्लान बनाएर विपिसी सुधारको बाटोमा अघि बढेको बताए । प्रसारण लाइन क्षेत्रमा बाँस लगाएत अन्य बोटहरु हुर्किदै जाँदा समस्या देखिएको उनको भनाई छ । यस वर्षको कार्ययोजना अन्तर्गत रामपुर चापाकोट क्षेत्रमा ८० वटा पोल रिप्लेस गर्न लागिएको उनले जानकारी दिए । नगरपालिकाका प्रवक्ता कपिल बहादुर खाँणले छलफल पश्चात विद्युत सेवा सुधारका लागि विपिसीलाई अनुरोध गर्ने निर्णय गरेको बताए । वडा नं. ६ को प्याकलुकमा ट्रान्सफर्मर र रामपुर चापाकोट क्षेत्रमा विद्युतपोल थपको कार्य आगामी मंसिर भित्र गर्ने, आगामी आर्थिक वर्षमा देविस्थान क्षेत्रको लागि ट्रान्सफर्मर जडान गर्ने, थप आवश्यक पोल, ट्रान्सफर, विद्युत तारहरु विपिसीको केन्द्रिय कार्यालयमा माग गर्ने निर्णय समेत गरिएको उनको भनाई छ । छलफलमा बुटवल पावर कम्पनी लिमिटेड, आँधीखोला जलविद्युत केन्द्र गल्याङ्का प्रतिनिधिसँगै नगर भित्रका जनप्रतिनिधि, राजनैतिक दल, कर्मचारी, पत्रकार र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

## खेलकुद समाचार

### गिलले तोडेका कीर्तिमानहरू



**काठमाडौं, असार २०/** इंग्ल्याण्ड विरूद्ध बमिङ्घममा जारी दोस्रो टेस्टको पहिलो इनिङ्गसमा भारतीय कप्तान शुभमन गिलले २६९ रन बनाए । उनको दोहोरो शतकसँगै भारतले ५८७ रन जोड्यो ।

टेस्ट क्रिकेटमा कुनै पनि भारतीय कप्तानले बनाएको सर्वाधिक व्यक्तिगत स्कोर हो। यससँगै सन् २०१९ मा पुनेमा दक्षिण अफ्रिकाविरुद्ध विराट कोहलीले बनाएको अविजित २५४ रनको कीर्तिमान तोडियो । गिलको २६९ रन एसिया बाहिर टेस्टमा कुनै पनि भारतीय ब्याटरले बनाएको सबैभन्दा उच्च स्कोर पनि हो । यसअघि यो कीर्तिमान सचिन तेन्दुलकरको नाममा थियो । सचिनले सन् २००४ मा सिड्नी क्रिकेट ग्राउन्डमा अविजित २४१ रन बनाएका थिए । विदेशमा भएको टेस्टमा भारतीय ब्याटरले बनाएको तेस्रो ठूलो स्कोर हो । यसभन्दा अघि सन् २००४ मा पाकिस्तान भ्रमणमा वीरेन्द्र सेहवागले मुल्तानमा ३०९ रन र राहुल द्रविडले रावलपिंडीमा २७० रन बनाएका थिए । गिलभन्दा पहिले इंग्ल्यान्डमा भएको टेस्ट क्रिकेटमा केवल दुई भारतीयले मात्र दोहोरो शतक बनाएका थिए । सन् १९७९ मा सुनील गावस्करले २२१ रन र सन् २००२ मा राहुल द्रविडले २१७ रन जोडेका थिए । दुवै ब्याटरले शतक ओभलमा बनाएक थिए । समग्रमा गिलको २६९ रन भारतका लागि टेस्ट क्रिकेटमा सातौं सर्वाधिक व्यक्तिगत स्कोर हो । गिलभन्दा पहिले बमिङ्घममा टेस्टमा दोहोरो शतक बनाउने विदेशी ब्याटरको संख्या दुई थियो। सन् २००३ मा ग्राम स्मिथले २७७ रन र सन् १९७१ मा जहीर अब्बासले २७४ रन बनाएका थिए। गिलको २६९ रन इंग्ल्यान्डमा विदेशी ब्याटरले बनाएको आठौं सर्वाधिक स्कोर हो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# साउनदेखि कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा



**पाल्पा, असार २०/** सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ देखि नियुक्त हुने कर्मचारीलाई पेन्सन तथा उपदान नदिई त्यसको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु गर्ने भएको छ । अर्थ मन्त्रालयले सामाजिक सुरक्षा प्रणाली लागु गर्न आवश्यक व्यवस्था मिलाउन सबै मन्त्रालय, नियामक निकाय, सार्वजनिक संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरूलाई परिपत्र गरेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु नगरेका कारण सिर्जना हुने दायित्व नेपाल सरकारले नबेहोर्ने जानकारी गराउन पनि अर्थ मन्त्रालयले अनुरोध गरेको छ ।

अहिले कर्मचारी, मजदुर तथा अन्य व्यक्तिहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न ‘योजनानामा आधारित सामाजिक सुरक्षा ऐन, २०७४’ र सरकारी कर्मचारीका लागि ‘निवृत्तभरण कोष ऐन, २०७५’ कार्यान्वयनमा छन् । जसअनुसार २०७५ सालदेखि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गरिएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com प्र.जि.प्र.द.नं. ५/२०७८/०७९, प.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई